दमक नगरपालिका,झापा

**स्थानीय राजपत्र**

**वर्ष** : ९ **प्रमाणीकरण मिति** : २०८२।१२।०६

**संख्या** : १ **प्रकाशन मिति** : २०८२।१२।१२

## भाग- १

**प्रस्तावना:-** नेपालको संविधान अनुसुची ८ ले एकल अधिकारको रुपमा वातावरण र जैविक विविधता संरक्षण तथा संवद्धर्न गर्न दमक नगरपालिकाभित्र रहेका नदी, खोला, ताल, सिमसार तथा तिनका जलाधार क्षेत्रहरूको दिगो संरक्षण गर्दै स्थानीय समुदायको सहभागितामा दिगो विकासका साथै पर्या–पर्यटन प्रवर्द्धन गर्न बाञ्छनिय भएकाले
स्थानीय सरकार सञ्चालन ऐन २०७४ अन्तर्गत दफा १०२ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी दमक नगसभामा यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"दमक पर्या–पर्यटन प्रवर्द्धन तथा सञ्चालन ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले दमक पर्या पर्यटन प्रवर्द्धन तथा सञ्चालन ऐन २०८२ सम्झनु पर्दछ।

(ख) **“नगरपालिका”** भन्नाले दमक नगरपालिका सम्झनु पर्दछ ।

(ग) **“जलाधार क्षेत्र”** भन्नाले नदी, खोला, ताल, सिमसार तथा तिनमा पानी आपूर्ति हुने सम्पूर्ण क्षेत्र सम्झनु पर्दछ ।

(घ) **“पर्या–पर्यटन”** भन्नाले प्राकृतिक स्रोत संरक्षणलाई केन्द्रमा राखी वातावरणमैत्री पर्यटन गतिविधि सम्झनु पर्दछ ।

(ङ) **“समिति”** भन्नाले दफा ३(२) बमोजिम गठित पर्या-पर्यटन स्थल सञ्चालन, अनुगमन तथा व्यवस्थापनका समिति सम्झनु पर्दछ ।

(च) **“सिमसार”** भन्नाले भूमिगत जलस्रोत वा बर्षातका कारण पानीको परिमाण रहने वा प्रकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा वगेका, स्वच्छ वा नुनिलो पानी भएको धापीलो जमिन (Swamp) दलदले जमिन (Marsh) नदीबाट प्रभावित जमिन (Riverine Floodplain), ताल (Lake) पोखरी (Pond) जलभण्डार क्षेत्र (Water Storage Areas) र यहि प्रकृतिका कृषि जमिन सम्झनु पर्दछ ।

(छ) **"जैविक विविधता"** भन्नाले पारिस्थितिक प्रणाली (Ecosystem) को विविधता, प्रजातीय विविधता (Species Diversity) तथा वंशुगत विविधता (Genetic Diversity) सम्झनु पर्दछ ।

(ज) **"पर्या-पर्यटन स्थल"** भन्नाले नदी, खोला, ताल, सिमसार, वन वाटीका, वनभोज स्थल तथा डुङ्गा सयर गर्ने, घुम्ने, मनोरञ्जन गर्ने रमणीय स्थललाई सम्झनु पर्दछ ।

(झ) **"साहसिक खेल"** भन्नाले बञ्जिजम्प, प्याराग्लाइडिङ, रक क्लाइम्बिङ, र्याफ्टिङ, जिपलाईन, स्काइडाइभिङ आदी सम्झनु पर्दछ ।

(ञ) **"आर्थिक ऐन"** भन्नाले नेपाल सरकार, कोशी प्रदेश र दमक नगरपालिकाको आर्थिक ऐनलाई सम्झनु पर्दछ ।

(ट) "**वडा स्तरीय समिति**" भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

## परिच्छेद–२ :

## पर्यटकीय स्थल सञ्चालन तथा व्यवस्थापन

**३. पर्या-पर्यटकीय स्थल सञ्चालन, व्यवस्थापन तथा अनुगमनः-** १) प्राकृतिक स्रोतको दिगो रुपमा संरक्षण तथा व्यवस्थापनका गर्दै स्थानीय स्तरमा रोजगारी सृजना गरी पर्या-पर्यटनको प्रवर्द्धन गर्ने, सञ्चालन गर्ने, व्यवस्थापन तथा अनुगमन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ। नदी, खोला, ताल, सिमसार तथा जलाधार क्षेत्रका प्राकृतिक स्थलहरुको दिगो रुपमा संरक्षण र व्यवस्थापन गर्दै पर्यटकीय क्षेत्रको विकास गर्ने कार्यका लागि पर्या-पर्यटन स्थल सञ्चालन, अनुगमन तथा व्यवस्थापनका लागि कार्यपालिका सदस्यको संयोजकत्वमा देहाय बमोजिमको नगरस्तरीय समिति गठन गरिनेछ।

(क) दमक नगरकार्यपालिकाले तोकेकोको कार्यपालिका सदस्य
संयोजक

(ख) वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक
सदस्य

(ग) प्राकृतिक स्रोत संरक्षणमा योगदान पुर्याउने सामाजिक संघ संस्था, सामुदायिक वनको प्रतिनिधित्व गर्ने गरी नगरकार्यपालिका बैठकले
मनोनयन गर्ने १ महिला सहित
२ जना सदस्य

(घ) १ जना महिला सहित कार्यपालिका
२ जना सदस्य

(ङ) वातावरण तथा सरसफाई शाखा प्रमुख
सदस्य सचिव

२) मनोतित सदस्यको पदावधी २ वर्षको हुनेछ।

३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नगर भित्रका पर्यटकीय स्थलको पहिचान गरी आर्थिक तथा प्राकृतिक स्रोतको उच्चतम प्रयोगका लागि कार्ययोजना बनाउने।

(ख) नगरभित्र पर्या-पर्यटकीय स्थलहरुको निर्माण गर्ने स्थानको पहिचान गर्ने।

(ग) पहिचान भएका स्थलहरुमा निर्माण कार्य प्रारम्भका लागि कार्ययोजना सहित कार्यपालिकामा पेश तथा सिफारिस गर्ने।

(घ) नगरपालिका क्षेत्र भित्र निर्माण तथा सञ्चालन भएका पर्यटकीय स्थल व्यवस्थापनका लागि वडास्तरीय समितिलाई आवश्यक निर्देशन दिने।

(ङ) पर्या-पर्यटन क्षेत्र संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि वडा समितिसँग समन्वय गरी व्यवस्थापनको जिम्मा वडा समितिलाई दिने।

(च) जलाधार क्षेत्रको जैविक विविधता तथा प्राकृतिक सौन्दर्य संरक्षण गर्ने।

(छ) स्थानीय समुदायको सहभागिता र लाभ सुनिश्चित गर्दै पर्या-पर्यटन प्रवर्द्धन गर्ने।

(ज) वातावरणमैत्री पूर्वाधार विकास गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने।

(झ) प्राकृतिक सम्पदा संरक्षण र सम्वर्द्धन गर्दै जलवायु परिवर्तनका असर न्यूनिकरणमा सहयोग पुर्याउने।

४) पर्या-पर्यटकीय स्थल सञ्चालन, अनुगमन तथा व्यवस्थापनका लागि वडा अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको वडा स्तरीय समिति गठन गरिनेछ।

(क) सम्बन्धित वडा अध्यक्ष

संयोजक

(ख) सम्बन्धित वडा समितिबाट मनोनित १ जना
सदस्य

(ग) स्थानीय उपभोक्ता समूह प्रतिनिधि १ जना
सदस्य

(घ) महिला तथा सीमान्तकृत समुदाय प्रतिनिधि १ जना
सदस्य

(ङ) सम्बन्धित वडा सचिव
सदस्य सचिव

५. वडा स्तरीय समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) पर्या-पर्यटन स्थलको संरक्षण, सम्वर्द्धन, अनुगमन र सञ्चालन गर्ने ।

(ख) आफु मातहत रहेका पर्या-पर्यटक स्थलको सञ्चालन गर्ने।

(ग) पर्या-पर्यटन स्थल सञ्चालनमा उठेको शुल्क तथा करहरु नगरपालिकामा जम्मा गर्ने।

(घ) पर्या-पर्यटन स्थल सुरक्षा, जोखिम न्यूनीकरण तथा आचारसंहिता कार्यान्वयन गराउने।

(ङ) नगरपालिकामा पर्या-पर्यटन सञ्चालनको बार्षीक प्रतिवेदन पेश गर्ने।

६. समितिका पदाधिकारीहरुको बैठक भत्ता सम्बन्धि व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

७. पर्या-पर्यटन सम्बन्धि काम गर्न वातावरण तथा सरसफाई शाखा जिम्मेवार रहनेछ।

## परिच्छेद–३ :
## पर्या-पर्यटनक्षेत्र सञ्चालन तथा अनुमति सम्बन्धि व्यवस्था

**६. नगरपालिका स्वंयमले सञ्चालन गर्ने**

१. नगरपालिकाको स्वामित्वमा रहेको, सरकारी, सार्वजनिक तथा सामुदायिक जग्गामा रहेका पर्या-पर्यटन क्षेत्रका रुपमा विकास गर्न सकिने स्थलहरुको पहिचान गरि दमक नगरपालिकाले पर्या-पर्यटन क्षेत्र विकास, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

२. दमक नगरक्षेत्र भित्र रहेका सामुदायीक स्तरबाट संरक्षित सरकारी तथा सार्वजनिक स्थल पहिचान गरी पर्या-पर्यटन क्षेत्रको रुपमा विकास गर्न सक्नेछ।

३. दमक नगरपालिकाले आफ्नो निती तथा कार्यक्रम तर्जुमा गरी पर्यटकीय स्थलको निर्माण, संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको कार्य गर्नेछ।

४. पर्या-पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको जिम्मा तथा सञ्चालनको अनुमति प्रतिस्पर्धाको आधारमा प्रचलित कानुन बमोजिम सामुदायिक तथा निजी क्षेत्रलाई दिन सक्नेछ।

**७. सामुदायिक तथा सामाजिक संस्था समिति मोडल** (Committee-Based Operation Model)

१. दमक नगरपालिकाले नगरक्षेत्रभित्रको पर्यटन विकास, पवर्द्धन, व्यवस्थापन कार्यलाई प्रभावकारी, पारदर्शी र सहभागितामूलक बनाउन दफा ४ को समितिको सिफारिसमा दमक नगर कार्यपालिकाको निर्णय अनुसार सम्वन्धित स्थलका लागि पर्या-पर्यटन प्रर्वद्धन, सञ्चालन संघ/संस्था वा समितिबाट गर्न सक्नेछ।

२. उपदफा १ बमोजिम नगरपालिकाको कुनै क्षेत्रमा पर्या-पर्यटन सम्बन्धि कार्य सञ्चालन गर्न संघ-संस्थाबाट वा समितिबाट गर्न सक्नेछ।

३. उपदफा २ बमोजिको संघ-संस्था वा समितिहरु प्रचलित कानुन बमोजिम सम्बन्धित निकायहरुमा विधिवत आवद्धता भएको हुनुपर्नेछ।

४. संघ-संस्था वा समितिहरुले नगरपालिका क्षेत्रमा पर्या-पवर्द्धन सम्बन्धि कुनै क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

५. उपदफा ४ बमोजिम त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा प्रचलित कानुन बमोजिम इजाजत/अनुमति लिनुपर्ने भएमा सो समेत लिनुपर्नेछ।

६. सामुदायिक तथा सामाजिक संस्था समितिले ऐन बमोजिम पर्या पर्यटन कृयाकलाप संचालनका लागि अनुमति प्राप्त गरी पश्चात निजि फर्म वा कम्पनि सँगको साझेदारीमा संचालन गर्न सक्नेछन्।

७. उपदफा ६ बमोजिम क्रियाकलाप संचालन गर्न नगरकार्यपालिका समक्ष अनुमति लागि निवेदन पेश गर्नु पर्नेछ।

८. उपदफा ७ बमोजिम पेश हुन आएको निवेदन मनासिव ठहरेमा पर्या पर्यटन क्रियाकलाप संचालनका लागि आंशिक वा पूर्णरुपमा संचालनका अनुमति दिन सक्नेछ।

**८. सार्वजनिक-निजी साझेदारी मोडल** (Public Private Partnership – PPP Model)

१. दमक नगरपालिकाले नगरक्षेत्रभित्र वातावरणमैत्री पर्यटनको विकास, प्रवर्द्धन, सञ्चालन तथा व्यवस्थापनलाई, प्रभावकारी, दिगो र लगानीमैत्री बनाउन **सार्वजनिक-निजी साझेदारी मोडल** (Public Private Partnership – PPP Model) अवलम्बन गर्न सक्नेछ।

२. उपदफा १ बमोजिम पर्या-पर्यटन सम्बन्धि पूर्वाधार निर्माण, सेवा सञ्चालन, प्रवर्द्धन तथा व्यवस्थापन कार्यका लागि नगरपालिकाले निजी क्षेत्र, सहकारी, सामुदायीक संस्था वा गैरसहकारी संस्थासँग साझेदारी गर्न सक्नेछ ।

३. सार्वजनिक-निजी साझेदारी अन्तर्गत गरिने लगानी, जिम्मेवारी, जोखिम बाँडफाड, सेवा शुल्क, लाभ हानी वितरण तथा अवधि सम्बन्धि व्यवस्था आपसी सम्झौता (PPP Agreement) बमोजीम हुनेछ।

४. PPP मोडल अन्तर्गत सञ्चालन हुने पर्या-पर्यटन कार्यक्रम तथा परियोजनाले वातवरण संरक्षण, स्थानीय समुदायको सहभागिता,

रोजगारी सिर्जना तथा दिगो पर्यटनका सिद्धान्त अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

५. PPP मोडल अन्तर्गत सञ्चालन हुने कार्यको अनुगमन, मूल्याङ्कन तथा नियमन समिति मार्फत गरिनेछ।

६. यस दफा अन्तर्गत गरिने साझेदारी, सम्झौता प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ।

**९. व्यवस्थापन करार मोडल** (Management Contract Model)

१. दमक नगरपालिकाले नगरक्षेत्रभित्रका वातावरणमैत्री पर्या-पर्यटनसम्बन्धि संरचना, सेवा, सुबिधा तथा कार्यक्रमहरुको प्रभावकारी सञ्चालन, मर्मतसम्भार र व्यवस्थापन करार मोडल (Management Contract Model) अवलम्बन गर्न सक्नेछ।

२. उपदफा (१) बमोजिम नगरपालिकाले आवश्यकता अनुसार निजी क्षेत्र, सहकारी संस्था, सामुदायीक संस्था वा गैरसहकारी संस्थासँग निश्चित अवधि तथा सर्तका आधारमा व्यवस्थापन करार सम्झौता गर्न सक्नेछ।

३. व्यवस्थापन करार अन्तर्गत सेवा सञ्चालन, जनशक्ती व्यवस्थापन, दैनिक कार्य सञ्चालन, गुणस्तर सुनिश्चितता, वातावरण संरक्षण तथा सेवा मापदण्ड पालना गर्ने दायीत्व करारकर्ता पक्षको हुनेछ।

४. व्यवस्थापन करारको अबधि, पारिश्रमिक वा सेवा शुल्क, कार्यसम्पादन सूचक (Performance Indicators), दायित्व, उत्तरदायित्व, जोखिम व्यवस्थापन तथा सम्झौता अन्त्य सम्बन्धि व्यवस्था आपसी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

५. व्यवस्थापन करारअन्तर्गत सञ्चालन हुने पर्या-पर्यटन गतिबिधिले स्थानीय समुदायको सहभागिता, रोजगारी सिर्जना, सांस्कृतिक संरक्षण तथा दिगो पर्यटनका सिद्धान्त पालना गर्नुपर्नेछ।

६. यस दफा अन्तर्गत सञ्चालन हुने कार्यको अनुगमन, मूल्याङ्कन तथा नियमन समिति मार्फत गरिनेछ।

७. यस दफासँग सम्बन्धित अन्य व्यवस्था प्रचलित कानुन बमोजिम बमोजिम हुनेछ।

**१०. व्यवस्थापन तथा सञ्चालन, स्वामित्व हस्तान्तरण मोडल** (Management Transfer / Lease / Concession Model)

१. दमक नगरपालिकाले नगर क्षेत्रभित्रका (पर्य) पर्यटनसम्बन्धी पूर्वाधार, संरचना, सेवा तथा सुविधाको प्रभावकारी सञ्चालन, व्यवस्थापन तथा दीगो उपयोग सुनिश्चित गर्न व्यवस्थापन तथा सञ्चालन स्वामित्व हस्तान्तरण मोडल (Management Transfer / Lease / Concession Model) अवलम्बन गर्न सक्नेछ।

२. उपदफा (१) बमोजिम नगरपालिकाले निश्चित अवधि तथा सर्तका आधारमा पर्य◌ा पर्यटनसम्बन्धी सम्पत्ति वा सेवाको सञ्चालन अधिकार निजी क्षेत्र, सहकारी संस्था, सामुदायिक संस्था वा गैरसरकारी संस्थालाई हस्तान्तरण (Lease / Concession Model) गर्न सक्नेछ।

३. यस मोडलअन्तर्गत स्वामित्व नगरपालिकाकै रहनेछ तर सञ्चालन, व्यवस्थापन, मर्मतसम्भार, सेवा प्रवाह तथा राजस्व संकलनको अधिकार सम्झौतामा उल्लेख भए बमोजिम करारकर्ता पक्षमा रहनेछ।

४. हस्तान्तरण अवधि, सेवा शुल्क वा भाडा, राजस्व बाँडफाँड, कार्यसम्पादन सूचक, वातावरणीय तथा सामाजिक दायित्व, जोखिम व्यवस्थापन तथा सम्झौता नवीकरण वा अन्त्य सम्बन्धी व्यवस्था आपसी सम्झौतामा स्पष्ट रूपमा उल्लेख गरिनेछ।

५. करारकर्ता पक्षले वातावरण संरक्षण, जैविक विविधता संरक्षण, स्थानीय समुदायको सहभागिता, रोजगारी सिर्जना तथा दिगो पर्यटनका सिद्धान्त अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

६.  यस दफाअन्तर्गत सञ्चालन हुने गतिविधिको अनुगमन, मूल्याङ्कन तथा नियमन समितिमार्फत गरिनेछ।

७.  करार सर्त उल्लङ्घन भएमा वा कार्यसम्पादन असन्तोषजनक भएमा नगरपालिकाले प्रचलित कानून तथा सम्झौता बमोजिम आवश्यक कारबाही गर्न वा सम्झौता खारेज गर्न सक्नेछ।

८.  यस दफासँग सम्बन्धित अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**११. सार्वजनिक- सार्वजनिक साझेदारी मोडल** (Public-Public Partnership- P2P / PUP)

(१) दमक नगरपालिकाले नगर क्षेत्रभित्रको पर्यावरणमैत्री (पर्य) पर्यटनको विकास, प्रवर्द्धन, सञ्चालन तथा व्यवस्थापनलाई समन्वयात्मक, लागत-प्रभावी र दीगो बनाउन सार्वजनिक-सार्वजनिक साझेदारी मोडल (Public-Public Partnership- P2P / PUP) अवलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले संघ, प्रदेश तथा अन्य स्थानीय तह, सरकारी कार्यालय, सार्वजनिक संस्था, सार्वजनिक उपक्रम वा सामुदायिक सार्वजनिक निकायसँग आपसी सहकार्य तथा साझेदारीमा पर्य पर्यटनसम्बन्धी योजना, कार्यक्रम तथा परियोजना सञ्चालन गर्न सक्नेछ।

(३) सार्वजनिक-सार्वजनिक साझेदारीअन्तर्गत गरिने सहकार्य लाभ—नाफामुखी नभई सार्वजनिक हित, सेवा गुणस्तर अभिवृद्धि, क्षमता विकास तथा स्रोत-साधनको अधिकतम उपयोगमा आधारित हुनेछ।

(४) यस मोडलअन्तर्गत साझेदार निकायहरूको भूमिका, जिम्मेवारी, स्रोत योगदान, लागत बाँडफाँड, कार्यान्वयन विधि, समन्वय संयन्त्र तथा अवधि सम्बन्धी व्यवस्था आपसी सहमति पत्र (MOU) वा सम्झौता बमोजिम हुनेछ।

(५) सार्वजनिक-सार्वजनिक साझेदारीअन्तर्गत सञ्चालन हुने पर्य पर्यटन कार्यक्रम तथा परियोजनाले वातावरण संरक्षण, जैविक विविधता संरक्षण, स्थानीय समुदायको सहभागिता तथा दिगो पर्यटनका सिद्धान्त अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

(६) यस दफाअन्तर्गत सञ्चालन हुने कार्यको अनुगमन, मूल्याङ्कन तथा समन्वय समितिमार्फत गरिनेछ।

(७) यस दफासँग सम्बन्धित अन्य व्यवस्था प्रचलित कानून तथा यस ऐन बमोजिम हुनेछ।

**१२. सामुदायीक वनसँगको साझेदारी** (१) दमक नगरपालिकाले सामुदायिक वन उपभोक्ता समिति/ समूहसँग साझेदारीको निति अवलम्बन गरी कार्यक्रम अगाडी बढाइनेछ।

क. वन उपभोक्ता समूहले आफ्नो वार्षिक कार्ययोजनामा साझेदारी सम्बन्धि ब्यवस्था उल्लेख गरी पर्यापर्यटन सम्बन्धि कार्य सञ्चालन गरेको व्यवस्था हुनुपर्ने,

ख. नगरस्तरीय समितिले स्थलगत अध्ययन, अवलोकन गर्दा पर्यापर्यटनको लागि उपयुक्त ठहर गरेको हुनुपर्ने,

ग. नगरपालिकाको स्रोतबाट हुने पूर्वाधार निर्माण कार्यमा वन उपभोक्ता समूहको समेत लगानी हुनुपर्ने,

घ. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सरकारी संघ संस्थाबाट पर्यापर्यटन सञ्चालनका लागि छुट्टै व्यवस्था उल्लेख भएको अवस्थामा सोही कानुनले तोके बमोजिम हुने,

ङ. वन क्षेत्र अन्तर्गतका खाली ठाउँमा उद्यम बिकासका लागि पर्यापर्यटन कृयाकलाप सञ्चालन गर्न सकिनेछ ।

च. सरोकारवाला पक्षको सहमति लिई उपभोक्ता हितलाई मध्यनजर गरी वनसँग ५० प्रतिशत लागत साझेदारीमा वन क्षेत्र भित्र खाली रहेका

स्थानहरुमा हुर्किरहेका बिरुवाहरुमा असर नपर्नेगरी उपभोक्ताको आर्थिक स्तर अभिवृद्धि हुने किसिमका कृषि उद्यम उन्मुख खेति गर्न सकिनेछ ।

छ.वन्यजन्तु तथा जंगली जनावरको सुरक्षित वासस्थान र आहारालाई समेत उचित व्यबस्थापन गर्न साझेदारीमा आवश्यक कार्यक्रम ल्याउनु पर्नेछ।

ज.पर्यापर्यटन सञ्चालन गर्न चाहाने सामुदायिक वन उपभोक्ता समूहले साधारणसभाको निर्णय सहितको निवेदन दिनुपर्नेछ । सो उपर समितिले आवश्यक अनुगमन गरी सिफारिस गर्नेछ।

झ.यस दफासँग सम्बन्धित अन्य व्यवस्था प्रचलित कानून तथा यस ऐन बमोजिम हुनेछ।

## १३. छनोट, नियमन तथा अनुगमन

१. यस ऐन बमोजिम दमक नगरपालिकाभित्र रहेका वा भविष्यमा विकास गरिने ताल-तलैया, पोखरी, पार्क, वन-वाटिका, अन्य पर्या-पर्यटन स्थलहरू को संरक्षण, व्यवस्थापन तथा सञ्चालन दमक नगरपालिकाको कार्यालयले आवश्यकता अनुसार उल्लेखित कुनै एक वा एकभन्दा बढी सञ्चालन मोडालिटी अवलम्बन गरी गर्न सक्नेछ।

२. सञ्चालन मोडालीटी छनौट गर्दा वातावरणीय संवेदनशिलता, सार्वजनिक पहुँच, स्थानीय सहभागिता, दिगो विकास तथा नगरपालिकाको दीर्घकालीन हितलाई प्राथमिकता दिईनेछ।

३. कुन मोडालिटी अवलम्बन गर्ने भन्ने निर्णय प्राविधिक अध्ययन तथा आवश्यकताको आधारमा गर्नेछ।

४. सबै मोडालिटी अन्तर्गत सञ्चालन हुने गतिविधिको नियमन, अनुगमन र मूल्याङ्कन गर्ने अधिकार दमक नगरपालिकामा निहित रहनेछ।

५. पर्या-पर्यटन सञ्चालन मोडालिटीको छनौट वडा स्तरीय समितको सिफारिसमा दमक नगरकार्यपालिकाले गर्नेछ।

६. पर्या-पर्यटन सञ्चालनको अनुमति दमक नगरकार्यपालिकाबाट निर्णय भई हुनेछ।

७. सम्झौता उलङ्घन भएमा नगरपालिकाले सम्झौता रद्ध गर्न वा जरिवाना गर्न वा सञ्चालन रोक्का गर्न सक्नेछ।

१४. **सञ्चालन अनुमति (१)** निजी तथा सामुदायिक क्षेत्रलाई पर्या-पर्यटन गतिबिधि सञ्चालनका लागि तपशील बमोजिमका पर्या-पर्यटकीय कार्य प्रचलित कानुन बमोजिम मापदण्ड पुगेका, सुरक्षा चुनौती नरहेका कार्यहरुलाई सञ्चालन गर्नका लागि अनुमति प्रदान गर्न सक्नेछ।

१. चिडियाखाना सञ्चालन
२. डुङ्गा सयर,मोटरेबल बोट
३. फन पार्क, होम स्टे, फार्म स्टे
४. रोटे पिङ, पिङ, मनोरञ्जन खेल सञ्चालन
५. मोनो रेल खेल सञ्चालन
६. रोप वे तथा साहसिक खेल सञ्चालन
७. धार्मिक तथा सांकृतिक मेला
८. वनभोज स्थल
९. संग्राहलय तथा स्मारक स्थापना
१०. फुड फेस्टिभल, प्रर्दशनी सञ्चालन आदी

(२) उपदफा १ बमोजिम कार्य सञ्चालन गर्नुपूर्व नगरपालिकाबाट अनुसूचि १ बमोजिमको ईजाजत अनुमतिपत्र प्राप्त गरे पश्चात मात्र सञ्चालन गर्न पाईनेछ।

(३) उपदफा १ बमोजिम कार्य सञ्चालन गर्नुपूर्व नेपाल सरकारका अन्य निकायबाट सञ्चालन इजाजत/अनुमति लिनुपर्ने भएमा अनिवार्य लिनुपर्नेछ। सो इजाजत/ अनुमति नलिइकन उपदफा १ बमोजिमका क्रियाकलाप सञ्चालनको लागि नगरपालिकाले स्विकृत दिइनेछैन।

(४) उपदफा १ बमोजिमको कार्य सञ्चालन वापतको शुल्क आर्थिक ऐनमा तोके बमोजिम हुनेछ।

(५) उपदफा १ बमोजिममा उल्लेखित कार्य सञ्चालन गर्नका लागि अनुसूचि २ बमोजिमको मापदण्ड रहने छ।

## परिच्छेद-४ :

## वातावरणीय परिक्षण, सञ्चालन मापदण्ड सम्बन्धि व्यवस्था

**१५. वातावरण परीक्षण तथा स्वीकृति (१)** यस ऐन बमोजिम सञ्चालन हुने पर्या-पर्यटनसम्बन्धी योजना, कार्यक्रम वा परियोजनाले प्रचलित वातावरणीय कानून बमोजिम आवश्यक परेमा संक्षिप्त वातावरणीय परीक्षण (BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने वातावरणीय परीक्षणको स्वीकृति तथा कार्यान्वयन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१६. कर तथा शुल्क संकलन गर्ने अधिकार (१)** यस ऐन बमोजिम सञ्चालन हुने पर्या-पर्यटनसम्बन्धी गतिविधि, सेवा तथा सुविधाबाट कर तथा शुल्क निर्धारण, संकलन र व्यवस्थापन गर्ने अधिकार दमक नगरपालिकामा निहित रहनेछ।

(२) नगरपालिकाले पर्या-पर्यटन क्षेत्रको संरक्षण, व्यवस्थापन तथा दिगो विकासका लागि प्रचलित कानुन बमोजिम कर निर्धारण तथा संकलन गर्न सक्नेछ।

**१७. कर तथा शुल्क लगाइने क्षेत्र** (१) नगरपालिकाले देहाय बमोजिमका पर्या-पर्यटनसम्बन्धी गतिविधि, सेवा तथा सुविधामा कर तथा शुल्क निर्धारण तथा संकलन गर्न सक्नेछः

(क) प्रवेश शुल्क : पर्यापर्यटन क्षेत्रभित्र प्रवेश गर्दा

(ख) सेवा शुल्क : डुंगा सवारी, साइकलिङ, पर्य-गाइड सेवा, क्याम्पिङ, अवलोकन टावर तथा अन्य पर्य-पर्यटन सेवा,

(ग) व्यवसायिक अनुमति तथा नवीकरण शुल्क : रेस्टुरेन्ट, क्याफे, होमस्टे, साहसिक, व्यापारिक स्टल तथा पर्या- पर्यटनसम्बन्धी सेवा सञ्चालन,

(घ) पार्किङ, स्टल, अस्थायी संरचना तथा अन्य सुविधा प्रयोग शुल्क।

(ङ) मनोरञ्जन कर

(२) उपदफा (१) बमोजिमका कर तथा शुल्क आर्थिक ऐन बमोजिम लागू गरिनेछ।

## परिच्छेदः-५

## पर्या-पर्यटन क्षेत्र संरक्षण व्यवस्था

### १८. संरक्षणका उपायहरू

(क) **अतिक्रमण नियन्त्रण तथा हटाउने सम्बन्धमा**

यस ऐन अन्तर्गत पर्ने जलाधार क्षेत्र, नदी, खोला, ताल-तलैया, सिमसार तथा अन्य सार्वजनिक वा संरक्षणयोग्य क्षेत्रमा कुनै पनि किसिमको अवैध अतिक्रमण गर्न पाइने छैन। नगरपालिकाले त्यस्ता अतिक्रमणको पहिचान, नियन्त्रण तथा प्रचलित कानुन बमोजिम हटाउने कार्य गर्नेछ।

(ख) **फोहोरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धमा**

जलाधार क्षेत्र तथा सो आसपासका क्षेत्रमा फोहोरमैला फाल्न, थुपार्न वा प्रदूषण फैलाउने कार्य गर्न निषेध गरिनेछ। नगरपालिकाले फोहोर संकलन, व्यवस्थापन तथा नियमित सरसफाईको व्यवस्था मिलाई स्वच्छता कायम गर्नेछ।

(ग) **वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा भू-क्षय नियन्त्रण सम्बन्धमा**

जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना तथा वातावरणीय सन्तुलन कायम गर्न आवश्यक वृक्षरोपण, हरियाली प्रवर्द्धन तथा भू-क्षय नियन्त्रणका कार्यक्रमहरू समुदायको समन्वयमा नगरपालिकाले कार्यान्वयन गर्नेछ।

(घ) **पानीको गुणस्तर परीक्षण तथा अनुगमन सम्बन्धमा**

नगरपालिकाले नदी, ताल तथा अन्य जलस्रोतहरूको पानीको गुणस्तर नियमित रूपमा परीक्षण तथा अनुगमन गर्नेछ। परीक्षणका क्रममा प्रदूषण देखिएमा न्यूनीकरण तथा सुद्धात्मक उपायहरू प्रचलित कानुन बमोजिम अवलम्बन गरिनेछ।

**१९. निषेधित कार्यहरु**

(क) प्रदूषणजन्य पदार्थ फाल्न निषेध: यस ऐन अन्तर्गत पर्ने जलाधार क्षेत्र, नदी, खोला, ताल-तलैया तथा सिमसार क्षेत्रमा कुनै पनि किसिमका प्रदूषणजन्य पदार्थ फाल्न, थुपार्न वा प्रवाह गर्न निषेध गरिनेछ।

(ख) अवैध उत्खनन तथा संरचना निर्माण गर्न निषेध: प्रचलित कानुन बमोजिम स्वीकृति नलिई ढुंगा, गिटी, बालुवा तथा अन्य प्राकृतिक स्रोतको उत्खनन गर्न तथा स्थायी वा अस्थायी कुनै पनि प्रकारको संरचना निर्माण गर्न पाइने छैन।

**(ग)** जैविक विविधतामा नकारात्मक असर पर्ने कार्य गर्न निषेध: जलाधार क्षेत्रको जैविक विविधतामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नकारात्मक असर पार्ने कुनै पनि क्रियाकलाप गर्न निषेध गरिनेछ।

## परिच्छेद-६

## दण्ड, सजाय तथा जरिवाना

**२०. कसुर र सजाय:-** १) ऐनको देहाय अनुसारका दफा वर्खिलाप हुने गरी कसैले काम कारबाही गरेमा देहाय अनुसारको दण्ड, जरिवाना वा दुवै सजाय हुने छ।

क) दफा ६, ७, ८,९,१०,११ र १२ को बर्खिलाप हुने गरी अनुमिति लिनु पर्ने निकायबाट अनुमिति प्राप्त नगरी पर्या पर्यटन गतिविधि संचालन गरेमा पर्या पर्यटनको प्रकृतिको आधारमा रु १०,०००।-

देखी १,००,०००।- सम्म जरिवाना गरी त्यस्तो पर्या पर्यटन व्यवसाय बन्द गर्नु पर्ने छ।

**ख)** दफा १४ बमोजिमको पर्या पर्यटन गति विधि संचालन गर्न अनुमिति नलिई पर्या पर्यटन गतिविधि संचालन गरेमाल पर्या पर्यटनको प्रकृतिको आधारमा रु १०,०००।- देखी १,००,०००।- सम्म जरिवाना गरी त्यस्तो पर्या पर्यटन व्यवसाय बन्द गर्नु पर्ने छ।

ग) दफा १५ बमोजिम गर्नु पर्ने कार्य नगरी कार्य गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

२) ऐनको दफा १९ बमोजिम विपरीतका कार्य गरेमा पर्या पर्यटन व्यवसायि तथा संस्थालाई प्रचलित कानून बमोजिम सजाय गरिनेछ।

३) झुट्टा विवरण देखाई पर्या पर्यटन व्यवसाय दर्ता गराएमा वा अनुमिति लिएर संचालन गरेमा, तिर्न बुझाउनु पर्ने शुल्क कर दस्तुर नबुझाएमा, कार्यालयले दिएको निर्देशन वा कानून बमोजिमका शर्त, मापदण्ड बारम्बार उपदफा उल्लघंन गरेमा पर्या पर्यटन व्यवसाय दर्ता खारेज गरी व्यवसाय बन्द गर्नु पर्नेछ।

४) समिति, उपसमिति अनुगमन टोली, वा निरीक्षण अधिकृतले अनुगमनका क्रममा यो ऐन वा यो ऐन बमोजिम बनेको नियमावलि कार्यविधिको विपरीत कार्य गरेको पाईएमा उपयुक्तताको आधारमा सचेत गराउन वा अन्य आवश्यक लिखित निर्देशन दिन समेत सक्नेछ।

५) यस दफा बमोजिम जरिवाना तथा सजाय गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संघ संस्था वा कम्पनि, फर्म, व्यवसायिलाई सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

**२१. क्षतिपूर्ति:-** १) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरित प्रदुषण गरेको वा जोखिमपूर्ण कार्यको कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानि पुग्न गएमा

त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफुलाई पुग्न गएको क्षति बापत नगरपालिका वा तोकिएको क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

२) उपदफा १ बमोजिम परेको निवेदन सम्बन्धमा छानविन तथा जाँचबुझ गर्दा निवेदनलाई हानि नोक्सानि भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानि पुर्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेछ।

३) नगरपालिकाको कुनै निकाय वा नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदुषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानविन गर्न समिति गठन हुनेछ र सो समितिको सिफारिसका आधारमा २ बमोजिम क्षतिपुर्ति भराई दिनु पर्ने छ।

४) यस दफा बमोजमि क्षतिपुर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२२. निवेदन दिन सक्ने:-** कसैले यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा नगरपालिका वा नगरपालिकाले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

**२३. पुनरावेदन:- १**) दफा २० बमोजिम प्रमुख प्रशासकीय अधिकृतले दण्ड जरिवाना वा अन्य सजाय हुने गरी गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय सुचना पाएको वा नक्कल लिएको मितिले ३५ दिन भित्रमा तोकिएको दस्तुर बुझाई नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्ने छ।

२) नगर प्रमुख समक्ष पर्न आएको पुनरावेदन उपरको कारबाही पुरा गरी प्रमुख प्रशासकिय अधिकृतले गरेको निर्णय सदर, बदर वा आंशिक बदर गरी निर्णय गर्न सक्नेछ।

## परिच्छेद- ७
## बिविध

२४. **पूर्वाधार विकास:** पर्या-पर्यटन क्षेत्र विकास तथा निर्माण संचलानका लागि दफा १५ बमोजिम स्विकृत भई आधारभुत भौतिक संरचनाको निर्माण पश्चात मात्र सञ्चालन अनुमति प्रदान गरिनेछ।

२५. पर्या-पर्यटन सञ्चालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था स्वीकृति तथा सम्झौता बमोजिम हुनेछ।

२६. **कारवाही तथा दण्ड सजाय:** यस ऐन भएको व्यवस्था विपरीत कार्य गरेमा यसै ऐन बमोजिम र अन्य व्यवस्था भएमा  प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

२७. **नियम बनाउने अधिकार** यस ऐनको उद्देश्य  कार्यन्वयन गर्नका लागि नगर कार्यपालिकाले  आवश्यक नियमावली, निर्देशिका र कार्यविधि बनाउने सक्नेछ।

२८. **संशोधन:** यस ऐनका कुनै संशोधन आवश्यक भएमा दमक नगरसभाले संशोधन गर्न सक्नेछ।

२९. **बाधा अड्काउ फुकाउने:** यस ऐन कार्यान्वयनमा उत्पन्न बाधा अड्काउ नगर कार्यपालिकाले फुकाउन सक्नेछ।

# <u>अनुसूचि १</u>
## <u>दफा १४ को उपदफा २ सँग सम्वन्धित</u>
## <u>अनुमति/ ईजाजत प्रमाणपत्रको ढाँचा</u>

दमक नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

दमक, झापा।

**विषयः ईजाजत/अनुमतिको प्रमाणपत्र**

श्री ..........................................

................................................ ।

महाशय,

तपाई....................................................संस्था/

कम्पनीलाई...................................................स्थानमा पर्या-पर्यटन अन्तर्गतको .................... सञ्चालन गर्नका लागि ...................................................... ऐनको दफा .............................. अनुसार अनुमति प्रदान गरिएको छ।

<u>अनुमति दिने अधिकारी</u>

नामः-

दर्जाः-

दस्तखतः-

मिति:-

द्रष्टव्य: सम्बन्धित अनुमति माग गरिएको संस्था/कम्पनी व्यक्ति नेपाल सरकारको नियमानुसार कालो सूचिमा परेको पाइएमा अनुमति दिईने छैन। अनुमति दिईसकेको भए जुनसुकै बखत अनुमति रद्द गरिनेछ।

## अनुसूचि २

## दफा १४ को उपदफा ५ सँग सम्वन्धित

निजी तथा सामुदायिक क्षेत्रलाई पर्या-पर्यटन गतिबिधि सञ्चालनका लागि न्यूनतम मापदण्ड तपशिल बमोजिम रहेका छन्।

### १. तालमा डुङ्गा तथा मोटरेबल डुङ्गा सञ्चालनसम्बन्धी सुरक्षा मापदण्ड

### क. डुङ्गा तथा उपकरणसम्बन्धी व्यवस्था

१) डुङ्गा नेपाल सरकारबाट मान्यता प्राप्त निकायमा दर्ता तथा नियमित प्राविधिक जाँच गरिएको हुनुपर्छ।

२) प्रत्येक डुङ्गामा निम्न सुरक्षा उपकरण अनिवार्य हुनुपर्नेछः

३) यात्रु संख्याभन्दा कम नहुने गरी लाइफ ज्याकेट

४) फायर एक्स्टिङ्गुइसर (आगो निभाउने यन्त्र)

५) फर्स्ट एड बक्स

६) हर्न/साइरन

७) आपतकालीन डोरी (Rescue Rope) तथा आपतकालीन सामाग्रीहरु।

८) डुङ्गाको अधिकतम यात्रु क्षमता स्पष्ट रूपमा लेखिएको हुनुपर्नेछ र सोभन्दा बढी यात्रु राख पाइने छैन।

### ख. चालक (Operator) सम्बन्धी मापदण्ड

१) चालकले तालमा मोटरेबल डुङ्गा चलाउने अनुभव तथा तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

२) चालकले लाइफ ज्याकेट, हेलमेट, वाटर ट्युव अनिवार्य रूपमा हुनुपर्नेछ।

३) मादक पदार्थ सेवन गरेको अवस्थामा डुङ्गा सञ्चालन गर्न पूर्ण रूपमा निषेध गरिनेछ।

४)	चालकले मौसम, हावाको दिशा र पानीको अवस्था मूल्याङ्कन गरी मात्र डुङ्गा सञ्चालन गर्नुपर्नेछ।

५)	मेसिनगरी वा म्यानुयल बोट चालकको बोट चलाउने अनुमित वा इजजात पत्र अनिर्वायरुपमा हुनु पर्नेछ।

**ग. यात्रु सुरक्षासम्बन्धी व्यवस्था**

१)	प्रत्येक यात्रुले डुङ्गा चढ्दा अनिवार्य रूपमा लाइफ ज्याकेट हेलमेट, वाटर ट्युव लगाउनु पर्नेछ।

२)	यात्रु अंगभग, घाइते भएमा सम्बन्धित संचालकले नै उपचार गर्नु पर्ने छ।

३)	यात्रुलाई डुङ्गा चढ्नु अघि सुरक्षा निर्देशन (Do's and Don'ts) दिनुपर्नेछ ।

४)	डुङ्गा चलिरहेको अवस्थामा उठ्ने, झुण्डिने, वा असन्तुलित गतिविधि गर्न निषेध गरिनेछ।

५)	बालबालिका, वृद्ध तथा अशक्त व्यक्तिलाई विशेष ध्यान दिनुपर्नेछ।

६)	उद्दार टोलीलाई तयारी तैनाथ अवस्थामा राख्नुपर्नेछ।

**घ. सञ्चालनसम्बन्धी मापदण्ड**

१)	प्रतिकूल मौसमा डुङ्गा सञ्चालन गर्न पाइने छैन।

२)	तालमा तोकिएको गति सीमा पालना गर्नुपर्नेछ।

३)	दुर्घटना वा आपतकालीन अवस्थाको लागि उद्धार योजना (Emergency Response Plan) तयार गरिएको हुनुपर्नेछ ।

४)	नजिकको स्वास्थ्य संस्था, प्रहरी तथा ताल व्यवस्थापन समितिको सम्पर्क विवरण डुङ्गामा उपलब्ध हुनुपर्नेछ।

५)	दुर्घटना भएमा तुरुन्त उद्धार तथा सम्बन्धित निकायलाई जानकारी गराउनु पर्नेछ ।

## २. चिडियाखाना (Zoo) स्थापना तथा सञ्चालनसम्बन्धी सुरक्षा मापदण्ड

**क. भौतिक पूर्वाधार तथा संरचनासम्बन्धी सुरक्षा :-** प्रचलित कानुन बमोजिम जंगलि जनावरलाई प्राकृतिक वातारण मैत्रि रुपमा राख्नु पर्नेछ।

**ख. आगन्तुक (Visitors) सुरक्षासम्बन्धी मापदण्ड**

१) आगन्तुकलाई जनावर नछुन, नखुवाउन तथा घेराबार ननाघ्न स्पष्ट निर्देशन दिनुपर्नेछ ।

२) बालबालिका, वृद्ध तथा अपाङ्ग व्यक्तिका लागि विशेष सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

३) भीड नियन्त्रणका लागि प्रवेश र निकास व्यवस्था स्पष्ट हुनुपर्नेछ ।

४) जोखिमयुक्त क्षेत्रमा सुरक्षा कर्मचारीको उपस्थिति अनिवार्य हुनु पर्नेछ ।

**ग. कर्मचारी तथा व्यवस्थापन सुरक्षासम्बन्धी मापदण्ड**

१) जनावर हेरचाह तथा व्यवस्थापन गर्ने कर्मचारीले आवश्यक तालिम प्राप्त गरेको हुनुपर्नेछ।

२) कर्मचारीले सुरक्षात्मक पोशाक (PPE) प्रयोग गर्नुपर्नेछ।

३) कर्मचारीलाई जनावर आक्रमण, आगलागी तथा अन्य आपतकालीन अवस्थाको तालिम दिइनुपर्नेछ।

४) कर्मचारीको नियमित स्वास्थ्य परीक्षण गरिनुपर्नेछ ।

**घ. आपतकालीन व्यवस्थापन योजना**

१) जनावर भाग्ने, आगलागी, प्राकृतिक विपद् वा मानव-जनावर द्वन्द्वको लागि आपतकालीन कार्ययोजना(Emergency Response Plan)तयार गरिएको हुनुपर्नेछ।

२) उद्धार, प्राथमिक उपचार तथा नजिकको अस्पताल/प्रहरीसँग समन्वय व्यवस्था मिलाइएको हुनुपर्नेछ।

३) आपतकालीन सम्पर्क नम्बरहरू स्पष्ट रूपमा प्रदर्शन गरिएको हुनुपर्नेछ।

## ३. फन पार्क, होम स्टे र फार्म स्टे सञ्चालनसम्बन्धी सुरक्षा मापदण्ड

### फन पार्क

### क. भौतिक पूर्वाधार तथा उपकरण सुरक्षा

१) सबै खेल तथा मनोरञ्जन उपकरण (Rides) अन्तर्राष्ट्रिय वा राष्ट्रिय सुरक्षा मापदण्डअनुसार जडान गरिएको हुनुपर्नेछ।

२) उपकरणको नियमित प्राविधिक परीक्षण र मर्मत अभिलेख राखुपर्नेछ।

३) जोखिमयुक्त खेलमा उचाइ, उमेर, तौल तथा क्षमता सम्बन्धी मापदण्ड स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्नेछ।

४) फायर सेफ्टी, आपतकालीन निकास र चेतावनी संकेत स्पष्टरुप गरेको तथा व्यवस्था गरेको हुनुपर्नेछ।

५) प्रत्येक खेल प्रयोग अघि सुरक्षा निर्देशन दिनुपर्नेछ।

६) बालबालिकाका लागि छुट्टै सुरक्षित खेल क्षेत्र हुनुपर्नेछ।

७) जोखिमयुक्त क्षेत्रमा प्रशिक्षित सुरक्षा कर्मचारीको उपस्थिति अनिवार्य हुनेछ।

८) मादक पदार्थ तथा लागु पर्दाथको सेवन गरी खेल खेल्न तथा खेलाउन निषेध गरिनेछ।

### होम स्टे

### क. भवन तथा आवास सुरक्षा

१) Home Stay सुरक्षित संरचनामा निर्माण गरिएको हुनुपर्नेछ ।

२) कोठा, सिँढी, बाल्कोनी र बाथरूममा सुरक्षा मापदण्ड पुरा भएको तथा हावा, प्रकासको व्यवस्थापन गरीएको हुनुपर्नेछ ।

३) आगलागी नियन्त्रणका लागि फायर एक्स्टिङ्गुइसर अनिवार्य हुनेछ ।

**ख. आगन्तुक तथा स्वास्थ्य सुरक्षा**

१) खाद्य स्वच्छता तथा वातावरण स्वच्छ र सुरक्षित हुनुपर्नेछ ।

२) सरसफाई तथा फोहोर व्यवस्थापन नियमित रूपमा गर्नुपर्नेछ ।

३) आगन्तुकको विवरण सुरक्षित रूपमा अभिलेख राख्नुपर्नेछ ।

४) स्थानीय संस्कृति र परम्पराको सम्मान हुने व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

**फार्म स्टे**

**क. फार्म क्षेत्र सुरक्षा**

१) कृषि उपकरण, पशु बथान तथा रासायनिक पदार्थ सुरक्षित स्थानमा राख्नुपर्नेछ ।

२) आगन्तुकलाई जोखिमयुक्त फार्म गतिविधिमा सहभागी गराउँदा आवश्यक सुरक्षा उपकरण उपलब्ध गरिनुपर्नेछ ।

३) पशुजन्य रोगबाट बचन सरसफाई र जैविक सुरक्षा(Bio-security)अपनाउनुपर्नेछ ।

**ख. आगन्तुक सहभागिता सुरक्षा**

१) आगन्तुकलाई फार्म गतिविधिबारे स्पष्ट निर्देशन दिनुपर्नेछ ।

२) बालबालिकालाई पशु वा उपकरण नजिक विशेष निगरानीमा राख्नुपर्नेछ ।

३) आकस्मिक दुर्घटनाको लागि प्राथमिक उपचार सामग्री उपलब्ध हुनुपर्नेछ ।

**ग. कर्मचारी तथा व्यवस्थापन सुरक्षा**

१) कर्मचारीलाई आवश्यक तालिम (First Aid, Fire Safety, Emergency Response) दिइनुपर्नेछ ।

२) कर्मचारीले सुरक्षात्मक पोशाक तथा उपकरण प्रयोग गर्नुपर्नेछ ।

३) नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिनुपर्नेछ।

**घ. आपतकालीन व्यवस्थापन**

१) आगलागी, प्राकृतिक विपद् दुर्घटना वा स्वास्थ्य आपतकालका लागि आपतकालीन कार्ययोजना तयार गरिएको हुनुपर्नेछ ।

२) नजिकको स्वास्थ्य संस्था, प्रहरी तथा स्थानीय निकायसँग समन्वय व्यवस्था हुनुपर्नेछ ।

३) आपतकालीन सम्पर्क नम्बर स्पष्ट रूपमा प्रदर्शन गरिएको हुनुपर्नेछ ।

**४. रोटे पिङ, पिङ तथा मनोरञ्जन खेल सञ्चालनसम्बन्धी सुरक्षा मापदण्ड**

**क. संरचना तथा उपकरणसम्बन्धी सुरक्षा मापदण्ड**

१) रोटे पिङ, पिङ तथा अन्य खेलका संरचना तथा सामाग्री बलियो, स्थिर र गुणस्तरीय सामग्रीबाट निर्माण भई परिक्षण गरि संचालित भएको हुनुपर्नेछ ।

२) खेल उपकरणको अधिकतम भार क्षमता स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्नेछ।

३) खेल क्षेत्र वरिपरि सुरक्षा घेराबार (Barricade) लगाइएको हुनुपर्नेछ ।

**ख. सञ्चालनसम्बन्धी सुरक्षा मापदण्ड**

१) प्रत्येक खेल सञ्चालनका लागि प्रशिक्षित र जिम्मेवार अपरेटर तोकिएको हुनुपर्नेछ।

२) खेल सुरु गर्नु अघि उपकरणको अवस्था जाँच गरी मात्र सञ्चालन गर्नुपर्नेछ ।

३) तोकिएको क्षमता भन्दा बढी व्यक्ति राखि खेल सञ्चालन पाइने छैन।

४) खेल सञ्चालनको क्रममा निरन्तर सुरक्षा निगरानी गर्नुपर्नेछ ।

५) प्रतिकूल मौसममा खेल सञ्चालन गर्न निषेध गरिनेछ ।

६) सबै सेवा ग्राहिले देखे गरी आवश्यक सुरक्षा निर्देशन तथा मापदण्ड राखु पर्नेछ।

७) उमेर समुह अनुसार मात्र खेल खेल्न अनुमति दिइनु पर्नेछ ।

८) मादक पदार्थ, लागु पर्दाथ सेवन गरेको व्यक्तिलाई खेल खेल्न निषेध गरिनेछ ।

९) खेल खेल्दा अनुचित हर्कत गर्ने, उभिने, झुन्डिने आवश्यक सुरक्षा निर्देशसाथ खेलबाट हटाउने व्यवस्था गर्नुपर्ने छ।

१०) दुर्घटना वा चोटपटकको अवस्थामा तुरुन्त उपचारका लागि First Aid Box उपलब्ध हुनुपर्नेछ।

११) गम्भीर वा आपत्कालिन अवस्थामा नजिकको स्वास्थ्य संस्था/ अस्पतालमा रहेको एम्बुलेन्स, प्रहरी तथा स्थानीय निकायसँग समन्वयको व्यवस्था भएको हुनुपर्नेछ ।

१२) आपतकालीन सम्पर्क नम्बर स्पष्ट रूपमा प्रदर्शन गरिएको हुनुपर्नेछ ।

१३) प्राथमिक उपचार (First Aid) सम्बन्धी आधारभूत ज्ञान अनिवार्य हुनेछ ।

**५. Monorail, Ropeway, साहसिक खेल, संग्राहालय तथा स्मारक सञ्चालन सम्बन्धी सुरक्षा मापदण्ड**

**क. सञ्चालनसम्बन्धी सुरक्षा मापदण्ड:** यि कार्यहरु सँचालन गर्दा DPR गरी निर्माण अनुमिति प्राप्त गरी सेवाग्राहि तथा सञ्चालन सम्बन्धि सुरक्षा मापदण्ड पुरा गरी सञ्चालन गर्नु पर्नेछ।

**६. धार्मिक, सांस्कृतिक मेला, Food Festival तथा प्रदर्शनी सञ्चालनसम्बन्धी सुरक्षा मापदण्ड**

१. मेलाको उद्देश्य अनुरुप सेवाग्रहि तथा प्रयोगकर्ताको सुरक्षा लाई ध्यान दिई सञ्चालन गर्नु पर्नेछ
२. सुरक्षा मापदण्ड सञ्चालन गर्नु पूर्व निर्माण गरी सबैले देख्ने गरि सार्वजनिक स्थानमा राखु पर्नेछ।

## ७. वनभोज स्थल सञ्चालन सम्बन्धी सुरक्षा मापदण्ड

### क. स्थल छनोट तथा भौतिक सुरक्षा

१) वनभोज स्थल भिर, खोल्सा, नदी, पहिरो सम्भावित क्षेत्र तथा अन्य जोखिमयुक्त स्थानबाट सुरक्षित दूरीमा हुनुपर्नेछ ।

२) स्थलमा प्रवेश निकास मार्ग स्पष्ट, सुरक्षित र सबै मौसममा प्रयोगयोग्य हुनुपर्नेछ।

३) चिप्लो, खाडल, भत्किएको संरचना वा जोखिमयुक्त भागमा सुरक्षा घेराबार तथा चेतावनी चिन्ह राखुपर्नेछ।

४) खानेपानि, शौचालय, तथा विद्युत र इन्टरनेटको व्यवस्था भएको हुनुपर्नेछ।

५) सुचना केन्द्र सञ्चालन गरेको हुनु पर्दछ ।

६) खुला आगो प्रयोग गर्दा बालुवा, पानी वा फायर एक्स्टिङ्गुइसर अनिवार्य उपलब्ध हुनुपर्नेछ ।

७) वन क्षेत्रमा अनियन्त्रित आगो, चुरोट वा सलाइ प्रयोग गर्न निषेध गरिनेछ ।

८) ग्यास चुलो प्रयोग गर्दा सुरक्षित दूरी, स्थिर प्लेटफर्म र निगरानी अनिवार्य हुनेछ।

९) आगन्तुकलाई वनभोज स्थल प्रयोगसम्बन्धी नियम तथा सुरक्षा निर्देशन जानकारी गराइनुपर्नेछ।

१०) बालबालिका, वृद्ध तथा अशक्त व्यक्तिका लागि विशेष सतर्कता अपनाउनु पर्नेछ।

११) मदिरा सेवन गरी झगडा, अव्यवस्थित गतिविधि गर्न निषेध गरिनेछ ।

१२) भीड नियन्त्रण र अनुशासन कायम गर्न आवश्यक सुरक्षा व्यवस्था गरिनेछ।

१३) फोहोर छुट्याएर संकलन र वातावरणमैत्री तरिकाले व्यवस्थापन गर्नुपर्नेछ ।

१४) प्राथमिक उपचार (First Aid) सामग्री अनिवार्य हुनेछ ।

१५) खाद्य पदार्थको स्वच्छता र सुरक्षित भण्डारण सुनिश्चित गरिनेछ।

१६) तालिम प्राप्त व्यवस्थापक, सुरक्षाकर्मी तथा कर्मचारीको व्यवस्थापन हुनुपर्नेछ ।

१७) नियमित अनुगमन, सरसफाई तथा मर्मतसम्भार गरिनुपर्नेछ ।

**८. पर्या पर्यटन व्यवसाय संचालन विमा सम्बन्धि व्यवस्थाः-** पर्या पर्यटन व्यवसास संचालनमा संलग्न कर्मचारी तथा पर्यटक जिवन सुरक्षा वापत कम्तिमा दश लाख बराबरको हुनु पर्नेछ। निर्जिवन बिमाको हकमा व्यवसायको प्रकृति हेरी तय गरिनु पर्नेछ।

**आज्ञाले,**

**सुनिल निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**